जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- २९ | २०८२ साल भाद्र ४ बुधवार | (Aujust 20, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

# धनगढीमा लैङ्गिकमैत्री कानून र बजेट निर्माणमा जोड दिदै अन्तरक्रिया कार्यक्रम सम्पन्न

**बिगूल समाचार**
**४ भाद्र २०८२**

सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा सुदुरपश्चिम प्रदेश सभा महिला समन्वय समितको आयोजनामा दुई दिनसम्म चलेको अन्तरक्रिया कार्यक्रममा कानून र बजेटलाई लैङ्गिकमैत्री बनाउनुपर्ने विषयमा जोड दिइएको छ।



प्रदेश सभाको महिला समन्वय समितिको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा महिलाको अधिकार सुनिश्चित गर्न, विभेद र हिंसा अन्त्य गर्न लैङ्गिकमैत्री नीति, कानून र बजेटका सथै निर्वाचन व्यवस्थापन विधेक माथि छलफल भएको हो।

प्रदेश सभा सदस्य गीता देवी मालले स्वागत मन्तव्य राख्दै महिलामैत्री संविधान प्राप्त भए पनि समाजमा पितृसत्तात्मक सोच अझै विद्यमान रहेको बताइन्। उनले महिलाहरू सदनभित्र एकताबद्ध भएर अघि बढ्न नसके अधिकार सुनिश्चित गर्न कठिन हुने टिप्पणी गरिन्।

अन्तरक्रिया कार्यक्रममा संविधान सभा सदस्य डा. बिन्दा पाण्डेले आफ्नो प्रस्तुति राख्दै महिलाविरुद्ध हुने हिंसा र विभेद अन्त्यका लागि प्रदेश सांसदहरूको अगुवाइमा अभियान चलाउनुपर्नेमा जोड दिइन्। उनले महिलाको क्षमता अभिवृद्धि, लैङ्गिकमैत्री कानूनको प्रचार-प्रसार, लैङ्गिक उत्तरदायी बजेट निर्माण, विश्लेषण र तालिम, साथै महिला नेतृत्व विकासमा सरकारले ध्यान दिनुपर्ने बताइन्।

कार्यक्रमकी अध्यक्ष समेत रहेकी एमाले संसदीय दलकी उपनेता सन्तोश शर्मा थापाले महिलामाथि भइरहेका हिंसाको अन्त्यका लागि प्रदेश सभाको महिला समन्वय समितिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन्। आगामी दिनमा छाउपडी प्रथा, दाइजो प्रथा, लागुऔषध दुर्व्यसनी, बालविवाह, बहुविवाह र महिला हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिदै, एकल महिला र बन्दी महिलाका समस्या समाधान, लैङ्गिक उत्तरदायी बजेटका लागि सरकारसँग निरन्तर संवाद गर्ने र महिलामैत्री कानूनहरूको बुकलेट प्रकाशन गरी वितरण गर्ने कार्यक्रम पनि तय गरिएको उल्लेख गरिन्।

अन्तरक्रिया कार्यक्रममा प्रतिनिधिसभा सदस्य मेनुका पोखरेल, राष्ट्रिय सभा सदस्य रेणु चन्द, उपसभामुख कोइली चौधरी, संविधान सभा सदस्य डा. बिन्दा पाण्डे, प्रमुख राजनैतिक दलका प्रतिनिध लगायतका विभिन्न व्यक्तित्वहरूको उपस्थिति थियो।

कार्यक्रममा सहभागीले महिलामाथि हुने हिंसा अन्त्य गर्न प्रदेशसभाबाट महिला-मैत्री कानून निर्माण र कार्यान्वयन दुवैमा बल पुऱ्याउनुपर्नेमा जोड दिए।

# कञ्चनपुरमा ३९ सय मिटर सिँचाइ कुलो निर्माण सम्पन्न

**बिगूल समाचार**
**४ भाद्र २०८२**

कञ्चनपुर। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय कञ्चनपुरले गत आर्थिक वर्षमा तीन हजार नौ सय मिटर सिँचाइ कुलो निर्माण गरेको छ।

कार्यालयले जिल्लामा ठेक्का र उपभोक्ता समितिमार्फत कुलो निर्माण गरेको डिभिजन प्रमुख महादेव विष्टले जानकारी दिए। उनका अनुसार ठेक्कामार्फत शुक्लाफाँटा नगरपालिका-८ र बेदकोट नगरपालिका-७ र ८ मा दुई हजार आठ सय ७५ मिटर कुलो निर्माण गरेको हो। साथै उपभोक्ता समितिमार्फत एक हजार २७ मिटर कुलो निर्माण गरिएको छ।

"गत आवमा सम्पन्न कुलोबाट ७५ हेक्टर खेतीयोग्य जग्गामा सिँचाइ सुविधा उपलब्ध भएको छ, २८७ मिटरमा मुहान संरक्षण र तीन वटा पोखरी निर्माण गरिएको छ", प्रमुख विष्टले भने। उनले तटबन्धमार्फत आठ हेक्टर जग्गा संरक्षण गरिएको समेत उल्लेख गरे।

उनले एक हजार १२४ मिटर ठेक्का र चार हजार ८६८ मिटर तटबन्ध उपभोक्ता समितिमार्फत निर्माण गरिएको बताए। "यहाँको चौधर र पथरीया नदी नियन्त्रणका लागि तटबन्ध निर्माण गरेका छौँ, गत आवमा कार्यालयले सिँचाइ संरचना र तटबन्ध निर्माणमा ९५ प्रतिशत भौतिक प्रगति गरेको छ", उनले भने।

उनका अनुसार तटबन्ध तथा बाँध निर्माणमा रु १२ करोड १४ लाख ८२ हजार खर्च भएको छ। साथै सिँचाइ संरचना निर्माणमा रु दुई करोड ६३ लाख २० हजार खर्च भएको छ।

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**

## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली बैतडी**

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**गन्यापधुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बडाल, डडेल्धुरा**

# सम्पादकीय

## नेपालको शैक्षिक बेरोजगारीः सर्टिफिकेटको बोझ र खाली हातको भविष्य

नेपालमा शैक्षिक बेरोजगारीको समस्या एक राष्ट्रिय संकटको रूपमा देखा परेको छ । प्रत्येक वर्ष विश्वविद्यालय र कलेजहरूबाट हजारौँ विद्यार्थीहरू स्नातक र स्नातकोत्तरको उपाधि लिएर निस्कन्छन्, तर उनीहरूको हातमा काम हुँदैन । यो समस्याले देशको समग्र सामाजिक, आर्थिक र सांस्कृतिक जीवनमा गम्भीर असर पारिरहेको छ। खेतका गराहरू बाँझो छन्, युवाहरू श्रम गर्न विदेशिँदै छन् र देशको अर्थतन्त्र रेमिट्यान्सको साँघुरो जगमा अडिएको छ । यस्तो अवस्थामा, अब नेपालको भविष्य कता जाला भन्ने प्रश्नले हामी सबैलाई पिरोलेको छ ।

हाम्रो शिक्षा प्रणाली आजको आधुनिक युगको आवश्यकता र देशको यथार्थताभन्दा निकै टाढा छ । यो शिक्षाले विद्यार्थीलाई डिग्रीको प्रमाणपत्र मात्रै थमाएको छ, तर जीवन जिउने सीप र व्यावसायिक ज्ञान दिएको छैन । हामीले बालबालिकालाई पढेलेखेर ठूलो मान्छे बन्नुपर्छ भन्ने संस्कार त सिकायौँ तर काम गरेर ठूलो बन्नुपर्छ भन्ने कुरा सिकाउन सकेनौँ । फलस्वरूप, डिग्री लिएका युवाहरूले हलो जोत्न, कृषि गर्न वा कुनै शारीरिक श्रम गर्न आफ्नो आत्मसम्मानमा आँच आएको ठान्छन् । उनीहरूको नजरमा, कृषि अशिक्षित वा अनपढ मान्छेले गर्ने काम हो । यसले गर्दा, हाम्रा पुर्खाहरूले परम्परागत रूपमा गर्दै आएको कृषि कार्य आज ठप्प छ र खेतीयोग्य उर्वर जमिनहरू बञ्जर र झाडीले भरिएका छन् । यो अवस्थाले नेपालको कृषिप्रधान अर्थतन्त्रलाई गम्भीर धक्का दिएको छ ।

यो समस्याको अर्को महत्त्वपूर्ण कारक हाम्रो सामाजिक दृष्टिकोण पनि हो । नेपाली समाज अझै पनि विकसित हुन सकेको छैन । जब कुनै पढेलेखेको व्यक्ति गाउँमा फर्किएर कृषि वा पशुपालनजस्ता काममा लाग्छ, उसलाई समाजले फरक नजरले हेर्छ। यत्रो पढेर पनि गाउँमा हलो जोत्न थाल्यो भन्दै कुरा काट्ने र निरुत्साहित गर्नेहरूको कमी छैन। यसले गर्दा, युवाहरूमा निराशा र हीनताबोध पैदा हुन्छ। उनीहरू आफ्नो गाउँ र परिवेशमा केही गर्न चाहँदा पनि खुट्टा तान्ने र अवरोध पुऱ्याउनेहरूको भीडबाट आहत हुन्छन्। यस्तो सामाजिक वातावरणले नयाँ सोच र उद्यमशीलतालाई निरुत्साहित गर्छ, जसले गर्दा शिक्षित युवाहरू देशमै केही गर्नभन्दा विदेश पलायन हुन बाध्य हुन्छन् ।

रेमिट्यान्सले तत्कालका लागि देशलाई धानिरहेको देखिए पनि यो दिगो समाधान होइन। रेमिट्यान्सले हाम्रो उपभोग संस्कृतिलाई बढाएको छ तर उत्पादनशील क्षेत्रमा लगानी गर्न सकेको छैन। यसले गर्दा देश परनिर्भर बन्दै गएको छ । खाद्यान्न देखि लिएर निर्माण सामग्रीसम्म हामी विदेशी उत्पादनमा निर्भर छौँ। यो परनिर्भरताले हाम्रो अर्थतन्त्रलाई कमजोर बनाएको छ र देशलाई विदेशी मुद्राको उतार चढावमा जोखिममा पारेको छ ।

यो भयावह अवस्थाबाट देशलाई मुक्त गर्न अबको शिक्षा प्रणालीमा आमूल परिवर्तन ल्याउनु अनिवार्य छ। हामीले बालबालिकालाई बालविकासदेखि नै उत्पादनमुखी शिक्षा दिनुपर्छ । सैद्धान्तिक ज्ञानका साथसाथै उनीहरूलाई व्यावहारिक सीप र व्यावसायिक ज्ञानमा पनि पोख्त बनाउनुपर्छ । विद्यालयहरूलाई ज्ञान बाँड्ने केन्द्र मात्र नभएर सीप र उद्यमशीलता विकास गर्ने प्रयोगशालाको रूपमा विकसित गर्नुपर्छ । पाठ्यक्रममा कृषि, प्रविधि, पर्यटन र साना तथा मझौला उद्यमशीलतासँग सम्बन्धित विषयहरूलाई अनिवार्य रूपमा समावेश गरिनुपर्छ। यसले गर्दा विद्यार्थीले सानै उमेरदेखि आफ्नो रुचि र क्षमता अनुसारको सीप विकास गर्न सक्छन् ।

सरकारले शिक्षित बेरोजगार युवाहरूलाई लक्षित गरेर विशेष कार्यक्रमहरू ल्याउनुपर्छ । उद्यमशीलताका लागि सहुलियतपूर्ण ऋण, आवश्यक तालिम र प्राविधिक सहयोग उपलब्ध गराइनुपर्छ । कृषि र पशुपालनलाई आधुनिक प्रविधियुक्त र आकर्षक बनाउन सरकारी लगानी बढाउनुपर्छ । 'पढेको मान्छेले पनि गर्न सक्छ' भन्ने सन्देश समाजमा फैलाउन सञ्चार अभियान चलाउनुपर्छ। समाजमा रहेका कुरीति र संकुचित सोचाइलाई हटाएर सकारात्मक सोचको विकास गर्नुपर्छ । पढेलेखेका युवाहरूले आफ्नो ज्ञानलाई देशको विकासमा लगाउने वातावरण बनाउनु आजको प्रमुख चुनौती हो ।

अन्तमा नेपालको भविष्य शैक्षिक बेरोजगारीलाई सम्बोधन गर्न सक्ने हाम्रो क्षमतामा निर्भर गर्दछ। अबको शिक्षाले डिग्री मात्रै होइन, सीप र आत्मविश्वास पनि दिन सक्नुपर्छ । युवाहरूलाई प्रमाणपत्रको बोझले होइन, सीपको बलले आत्मनिर्भर बनाउनुपर्छ। यो समस्याको समयमै समाधान गर्न सकेनौँ भने देश रेमिट्यान्सको दलदलमा फस्नेछ र हाम्रो राष्ट्रिय स्वाभिमान र अस्तित्व नै संकटमा पर्नेछ । अबको बाटो स्पष्ट छः शिक्षालाई प्रमाणपत्रमुखी होइन, उत्पादनमुखी बनाऔँ र देशलाई आत्मनिर्भरतातर्फ डोऱ्याऔँ।

# कहाँ चुके नेपाली युवा?

**विदेश पलायन, रोजगारी अभाव, भौगोलिक र वैचारिक विभाजनले युवाको सक्रियतामा बाधा पुर्याउँछ । दक्षिण कोरियामा १९८०-९० को दशकमा युवाले सामना गरेका चुनौतीहरु आजको नेपालसँग तुलना गर्न सकिन्छ । तर, नेपालमै सम्भावना रहेको विश्वास र साझा दृष्टिकोणले मात्र मानसिकता परिवर्तन गरेर यी बाधा पार गर्न सकिन्छ ।**



**क्षितिज विक्रम खनाल**

दार्शनिक प्लेटोले भनेका छन्, 'राजनीतिमा भाग नलिने बुद्धिजीवीहरूलाई अन्ततः मूर्खहरूले शासन गर्छन् ।' यही अवस्थामा नेपाल गुज्रिरहेको छ। युवाको ऊर्जा केबल भिड सजाउने साधनको रूपमा प्रयोग गरेर, उनीहरूको विचार र चाहानालाई उपेक्षा गर्ने प्रवृत्तिले राजनीतिलाई जनताबाट टाढा मात्र बनाउँदै गएको छैन, भविष्यलाई समेत अँध्यारो बनाउँदै छ। जबसम्म यो संस्कृतिमा सुधार हुँदैन, तबसम्म हामिले देखेको नयाँ नेपालको सपना केबल कल्पनामा सीमित रहने छ ।

हाम्रो देशको राजनीति सधैँ एउटा घुम्तीमा अड्किएको जस्तो देखिएको छ, सधैँ गाडी चलाउने स्टेयरिङ पुरानाकै हातमा छ। युवाको आवाज नारामा गुञ्जिए पनि निर्णयको टेबलमा मौन भइरहेको छ। भ्रष्टाचार र कमिसन संस्कृतिले राजनीतिको स्वरूपलाई सत्ता-केन्द्रित र जनता-विरोधी बनाएको छ ।

सरकार बनाउने र भत्काउने खेलमा रमाउने नेताहरूलाई एरिस्टोटलले भनेका शब्द सम्झन अनुरोध छ, 'राजनीति भनेको सत्ता होइन, सार्वजनिक हितको व्यवस्थापन हो ।' तर नेपालमा व्यक्तिगत लाभ र समूहगत स्वार्थ नै केन्द्रमा रह्यो । ठेक्का-कमिसन, सिफारिस र पहुँचको राजनीति, अवसरवाद र अनियमितताले सुशासन र न्यायजस्ता मूल्यहरू किनारा लागेका छन् । यस्तो अवस्थामा युवाहरूमा र ाजनीतिप्रति निराशा बढ्नु स्वभाविक हो । यही कारणले देशमा भविष्य छैन भन्ने धारणा बोकेर, ठूलो संख्यामा युवाहरू विदेश पलायन भइरहेका छन् ।

दर्शनशास्त्रीहरूले भनेझैँ मानिस राजनीतिक प्राणी हो । त्यसैले युवाले राजनीतिबाट भागेर होइन, सुधारका लागि भित्रैबाट हस्तक्षेप गरेर मात्र यो स्खलनलाई अन्त्य गर्न सक्छन् भन्नेकुरा बुझेर आत्मसात गर्न आवश्यक छ । नेपालको राजनीतिक यात्रामा हरेक ठूलो परिवर्तनमा युवाको योगदान सधैँ अग्रपंक्तिमा रह्यो। राणाशासनविरुद्धको विद्रोह होस् वा २०४६ सालको जनआन्दोलन, २०६२/०६३ सालको जनआन्दोलन होस् वा गणतन्त्रको स्थापना, हरेक मोडमा युवाहरूले आफ्ना सपना, ऊर्जा र बलिदान दिएका छन् । तर विडम्बना के छ भने, आन्दोलनको नेतृत्वमा प्रायः पुराना नेताहरू नै कायम रहिरहेका छन् ।

युवाले क्रान्ति जिते, तर निर्णय प्रक्रियामा पुरानै पुस्ता बसिरहे। यसरी नयाँ पुस्ता आन्दोलनमा प्रयोग हुने तर नेतृत्वमा पहुँच नपाउने चक्र निरन्तर दोहोरिँदै आएको छ । यो क्रमले युवाको ऊर्जा र योगदानले देशमा परिवर्तन त ल्याउँछ, तर त्यसको लाभ पुरानै पुस्ताले भोग्छ । नेतृत्वमा पुस्तान्तरण हुन नसक्दा नयाँ विचार र दृष्टिकोण संस्थागत हुन पाउँदैनन्, जसले गर्दा राजनीति स्थायित्वभन्दा बढी असन्तुलनतर्फ धकेलिन्छ। यही कारणले आजको पुस्तामा निराशा, असन्तोष र राजनीतिप्रति अविश्वास बढिरहेको छ ।

यस अवस्थामा राजनीतिक चेतना र युवा सहभागिताको महत्त्व अझ बढेको छ। तर यतिमात्रै निराशाको कथा होइन। नयाँ पुस्ता नै परिवर्तनको आशा हो भन्ने विश्वासलाई व्यवहारमा उतार्न, युवाले आफ्नै दृष्टिकोण र चाहनाअनुसार सक्रिय हुनुपर्छ। उनीहरू केबल आलोचक वा दर्शक भएर बस्ने होइन, सचेत र सूचित मतदाता भएर चुनावी संस्कृतिलाई बदल्नुपर्ने आवश्यकता छ। आजको पुस्ता शिक्षित, प्रविधिमा निपुण र विश्वसन्दर्भ बुझ्ने स्तरमा पुगेको छ। उनीहरू केबल भाषण होइन, ठोस कार्यान्वयन देख्न चाहन्छन्, वाचा होइन, परिणाममा विश्वास गर्छन् । सचेत मतदाता बन्ने भनेको केबल चुनावमा भोट हाल्ने क्षणसम्म सीमित हुने भन्ने होइन, यो त सम्पूर्ण राजनीतिक प्रक्रियामा निरन्तर निगरानी र मूल्यांकन गर्ने अभ्यासमा परिणत गर्नुपर्ने हुन्छ । युवाको सहभागिताले राजनीति केबल पुराना नेताको सम्पत्ति नभएर, नयाँ पुस्ताको भविष्य निर्माण गर्ने साधन बन्न सक्छ ।

युवा सहभागिताको दोस्रो मार्ग भनेको दलभित्र प्रवेश गरेर सुधार गर्नु हो । धेरै युवाहरू दललाई आलोचना गर्छन् तर प्रवेश गर्न हिचकिचाउँछन्। वास्तविक सुधार भने बाहिरबाट चिच्याएर होइन, भित्रबाट दबाब सिर्जना गरेर मात्र सम्भव हुन्छ । प्लेटोले भनेझैँ, 'राजनीतिको उद्देश्य न्यायलाई व्यवहारमा उतार्नु हो।' फिनल्यान्डकी प्रधानमन्त्री सना मरिनले ३४ वर्षमै नेतृत्व ग्रहण गरेर आफ्नो दलभित्रै मार्ग प्रशस्त गरे जस्तै युरोप र एसियाका देशहरूले पनि देखाएका छन्, अब नेपालमा पनि युवाहरू पार्टीमा संगठित भई सदस्यता लिएर, स्थानीय तहदेखि सक्रिय भएर नेतृत्वको पुस्तान्तरण गर्न लाग्नुपर्छ ।

युवा केबल उत्साही मात्र भएर पुग्दैन, रणनीति र कार्ययोजनासँगै अघि बढ्नु आवश्यक छ। पार्टीका महाधिवेशनमा खुला प्रतिस्पर्धा, निर्णय प्रक्रियामा पारदर्शिता र उम्मेदवार छनोटमा युवा सहभागिता सुनिश्चित गर्न सक्रियतासाथ लाग्नुपर्छ । यस सन्दर्भमा महात्मा गान्धी भनेका थिए 'संसारमा देख्न चाहेको परिवर्तन आफैँ बन्नुपर्छ । प्रविधि र पारदर्शिता युवा नेतृत्वका बलिया हतियार हुन् ।'

कम्प्युटर, मोबाइल र डिजिटल प्लेटफर्ममार्फत सरकारी खर्च ट्र्याक गर्न, बजेट निगरानी गर्न, नीति कार्यान्वयनमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्न सकिन्छ। यसले केबल भ्रष्टाचार उजागर गर्ने होइन, पुराना नेताहरूलाई जबाफदेही पनि बनाउँछ । युवाले केबल आलोचना मात्र होइन, व्यावहारिक समाधान प्रस्तुत गर्न सक्नुपर्छ। शिक्षा सुधार, रोजगारी सिर्जना, कृषि र पर्यटनमा स्पष्ट योजना र नयाँ दृष्टिकोण आवश्यक छ। फिनल्यान्ड, सिंगापुर र दक्षिण कोरियाका उदाहरणहरूले देखाउँछन् कि प्रविधि र नवाचारमा जोड दिने नीतिले मात्र दीर्घकालीन सुधार ल्याउँछ ।

नेपालमा पनि युवा नेतृत्वले कृषि उद्योगलाई आधुनिक प्रविधिसँग जोड्ने, स्टार्टअपमार्फत रोजगारी सिर्जना गर्ने र सांस्कृतिक पर्यटनमार्फत स्थानीय विकास सम्भव बनाउँछ । युवाको एकता अत्यन्त महत्त्वपूर्ण छ । जातीय, क्षेत्रीय वा पार्टीगत भेदभावको सट्टा शिक्षा, रोजगारी, सुशासन र वातावरण संरक्षणजस्ता साझा मुद्दामा सबै युवा एकजुट हुनुपर्छ ०११ को अरब वसन्त आन्दोलनमा मिस्र र टुनिसियामा युवाको साझा एकता र डिजिटल संगठनले पुराना संरचनालाई चुनौती दिएको उदाहरणले पनि यही कुरा प्रमाणित गर्छ ।

नेपाली युवाहरूका चुनौती पनि धेरै छन । विदेश पलायन, रोजगारी अभाव, भौगोलिक र वैचारिक विभाजनले युवाको सक्रियतामा बाधा पुर्याउँछ । दक्षिण कोरियामा १९८०-९० को दशकमा युवाले सामना गरेका चुनौतीहरू आजको नेपालसँग तुलना गर्न सकिन्छ। तर, नेपालमै सम्भावना रहेको विश्वास र साझा दृष्टिकोणले मात्र मानसिकता परिवर्तन गरेर यी बाधा पार गर्न सकिन्छ ।

युवा सहभागिताको अभावले हाम्रो देशको राजनीति अहिले संकटमा छ। पुरानो पुस्ताले नेतृत्व छाड्न तयार छैन, भ्रष्टाचारले जरा गाडेको छ, र जनताको दलहरूप्रति विश्वास हराउँदै छ । तैपनि परिवर्तन असम्भव छैन । प्रत्येक पुस्ताले आफ्नो समयमा अवसर पाएको जस्तै, आजको अवसर नयाँ पुस्ताको हातमा छ । युवा सचेत मतदाता, आन्तरिक सुधारकर्ता र वैकल्पिक नेतृत्वकर्ता बन्न सके, तिनीहरूले केबल आलोचक मात्र नभई वास्तविक सुधार ल्याउन सक्छन् ।

नेपालमा हरेक आन्दोलनमा युवाहरू अग्रपंक्तिमा थिए र आज पनि उनीहरू अग्रभागमा छन् । तर प्रश्न यही छ, के उनीहरू केबल सडकमा नाराबाजी गर्ने, वा सत्ताको संरचनाभित्र प्रवेश गरेर वास्तविक परिवर्तन ल्याउने ? जर्मनीका उदाहरणमा एन्जेला मर्केलले देखाएझैँ, संरचनाभित्र सक्रिय भएर दीर्घकालीन सुधार मात्र सम्भव छ ? यदि नयाँ पुस्ताले साहस, अनुशासन, दीर्घ दृष्टिकोण र साझा जिम्मेवारी देखाउँछन् भने, नेपालको राजनीति निश्चित रूपमा बदल्न सकिन्छ। युवाले देखाएको ऊर्जा, नवीनता र समर्पणले पुरानो संरचनालाई चुनौती दिन सक्छ र नयाँ नेतृत्वलाई जन्म दिन सक्छ । यसरी, नेपाली युवाले राष्ट्रिय नेतृत्वका साथसाथै अन्तर्राष्ट्रिय सन्दर्भमा पनि प्रभावकारी उदाहरण प्रस्तुत गर्न सक्छ। नेतृत्वको यो पुस्तान्तरण केबल आवश्यकता मात्र होइन, जिम्मेवारी पनि हो ।

अहिले पनि धेरैजसो मत पार्टीको निष्ठा, जातीय भावना वा क्षणिक लोकप्रियतामा आधारित देखिएको छ। तर यदि युवाले उम्मेदवारको कार्यशैली, अघिल्लो कामको परिणाम र भविष्यप्रतिको योजनालाई आधार बनाएर भोट दिन थाले भने राजनीतिक नेतृत्व छनोट गर्ने तरिका नै रूपान्तरण हुनेछ। सामाजिक सञ्जाल र डिजिटल प्रविधि आजका युवाका बलिया उपकरण हुन् ।

सूचना छिटो फैलिन्छ, तर गलत प्रचार र भ्रामक समाचार पनि त्यत्तिकै सजिलै फैलिन्छ । युवाले यसलाई चिर्ने, तथ्यमा आधारित बहस गर्ने र अरूलाई सचेत बनाउने जिम्मेवारी लिनुपर्छ। केबल आलोचना होइन, पारदर्शिता र तथ्यलाई आधार बनाएर युवाहरूले राजनीतिक चेतना फैलाउन सक्छन् ।

**व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।**

परशुराम नगरपालिका
वडा नं. ९ को कार्यालय
डडेल्धुरा

**पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश**

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

# लाल बिगूल राष्ट्रिय दैनिक

२०८२ साल भाद्र ४ बुधवार

सुचना/समाचार




## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।**

# हिन्दुकुश हिमालय सम्मेलन सम्पन्न ५ बुँदे आह्वान जारी

**बिगूल समाचार**

**४ भाद्र २०८२**

काठमाडौं । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आयोजनामा नेपालमा पहिलोपटक भएको हिन्दुकुश हिमालय क्षेत्रका मुलुकका सांसदको सम्मेलन पाँचबुँदे आह्वान जारी गर्दै सम्पन्न भएको छ। 'प्रकृतिको संरक्षण, जनताको सशक्तीकरण' भन्ने मूल नाराका साथ सोमबारदेखि सुरु दुईदिने सम्मेलन मंगलबार सम्पन्न भएको हो । यस क्षेत्रका मुलुकका सांसद तथा प्रतिनिधिहरूले काठमाडौंमा सम्पन्न 'हिन्दुकुश हिमालय सांसद सम्मेलन २०२५' बाट क्षेत्रीय सहकार्यद्वारा जलवायु परिवर्तन, वायु प्रदूषण र जैविक विविधता संरक्षणका क्षेत्रमा तत्काल कार्यान्वयन गर्न आह्वान गरेका छन् । समापन कार्यक्रममा आयोजक समितिका संयोजक तथा समिति सदस्य वीरबहादुर बलायरले बैठकको निष्कर्षबारे जानकारी गराएका थिए । सम्मेलनले साझा पारिस्थितिक, सामाजिक तथा आर्थिक महत्व बोकेको हिन्दुकुश हिमालय क्षेत्रमा बढ्दो जलवायु संकट, प्रदूषण र जैविक विविधताको क्षति समुदाय तथा पारिस्थितिकीय प्रणालीका लागि गम्भीर चुनौती भएको निष्कर्ष निकालेको छ ।सम्मेलनले भावी पुस्ताको सुरक्षित भविष्यका लागि जलवायु सहनशीलता, स्वच्छ वायु र जैविक विविधता संरक्षणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएको छ । साथै सांसदहरूको विधायिकी भूमिकालाई प्रभावकारी बनाउँदै क्षेत्रीय एकता, समावेशी विकास र दिगोपनाका लागि सहकार्य गर्न आह्वान गरिएको छ ।

५ बुँदे आह्वानमा सम्मेलन नियमित आयोजना गर्ने, क्षेत्रीय संवादका लागि 'हिन्दुकुश हिमालय सांसद मञ्च' स्थापनाको सम्भावना खोज्नेलगायत विषय उल्लेख छ । साथै जलवायु परिवर्तन, जैविक विविधता र वायु गुणस्तरसँग सम्बन्धित नवीनतम वैज्ञानिक प्रमाण, अनुभव र उत्कृष्ट अभ्यास आदान-प्रदान गर्ने, सांसदहरूको निगरानी भूमिकालाई सबल बनाउने तथा दोस्रो सम्मेलनलाई आपसी सहमतिअनुसार उपयुक्त मिति र स्थानमा आयोजना गर्ने उल्लेख छ। जलवायु संकट समाधान गर्न साझा प्रयास आवश्यक छ :

सभामुखयसैबीच, सभामुख देवराज घिमिरेले जलवायु परिवर्तन, वायु प्रदूषण र जैविक विविधताको क्षयजस्ता साझा चुनौती कुनै एक देशले मात्र समाधान गर्न नसक्ने भएकाले सबै देशका साझा प्रयास अपरिहार्य भएको बताएका छन् ।

हिन्दुकुश हिमालय संसदीय बैठकको मंगलबार समापन सत्रलाई सम्बोधन गर्दै उनले हिन्दुकुश हिमालय क्षेत्र पृथ्वीको 'तेस्रो ध्रुव'का रूपमा चिनिने उल्लेख गर्नुभयो । यसक्षेत्रमा करिब २४ करोड जनसंख्या बसोबास गर्ने तथा करिब दुई अर्ब मानिस यस क्षेत्रका प्राकृतिक स्रोतमा निर्भर रहेको उल्लेख गर्दै उनले यो पृथ्वीकै संवेदनशील भूभागमध्ये एक रहेको बताए । सभामुख घिमिरेले वैश्विक तापक्रम वृद्धिको करिब दुगुना दरमा यस क्षेत्रमा तापक्रम बढिरहेकोले हिमताल पग्लनु, विध्वङ्सकारी बाढी आउनु, पानीको अभाव र सुक्खा बढ्नुजस्ता गम्भीर असर परेको उल्लेख गरे ।

उनले हालै भारत, पाकिस्तान, नेपाल र चीनको सीमाक्षेत्रमा आएको बाढी तथा नेपालको तराईमा परेको अनावृष्टि जस्ता घटनालाई उहाँले जलवायु संकटका ताजा उदाहरण भएको बताए । उनले थपे, 'हामी वैज्ञानिक वा इन्जिनियर नभए पनि सांसदका हैसियतले जलवायु अनुकूलनका लागि बजेट पारित गर्न सक्छौं, इकोसिस्टम जोगाउने कानुन बनाउन सक्छौं, प्रदूषकलाई जवाफदेही बनाउन सक्छौं र किसान तथा समुदायका पक्षमा आवाज उठाउन सक्छौं । यी कार्य हामीले गर्नैपर्छ ।' कार्यक्रमको निष्कर्षस्वरूप सहभागी सांसदहरूले शीर्षकको साझा संकल्प घोषणा गरेको छ ।**बाकी पृष्ठ ४ मा**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- **बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।**
- **शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।**
- **जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।**
- **स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।**
- **सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।**
- **बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।**
- **व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।**
- **लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।**

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## डडेल्धुरा अस्पताल डडेल्धुरा

### समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट ब्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित ब्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक ब्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका ब्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक ब्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

# हिन्दुकुश हिमालय सम्मेलन सम्पन्न ५ बुँदे आहवान जारी




संकल्पमा बैठकलाई नियमित आयोजना गर्ने, संस्थागत संरचना बनाउन सम्भावना खोज्ने, सांसदबीच अनुभव आदानप्रदानलाई निरन्तरता दिने र प्रभावकारी, समावेशी र जलवायु-सहनशील नीतिनिर्माणमा सांसदको भूमिका अभिवृद्धि गर्ने बुँदाहरू समावेश छन् ।

सभामुख घिमिरेले यस उपलब्धिलाई भावी पुस्ताका सुरक्षित भविष्यका लागि ऐतिहासिक कदमको रूपमा चित्रण गर्दै सहभागितामूलक योगदानका लागि सबै प्रतिनिधिमण्डललाई धन्यवाद व्यक्त गरे। उनले संघीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सक्रियता, प्राविधिक समिति, विषय विज्ञ, मोडरेटर, नेपाल सरकारका सम्बन्धित निकाय तथा इसिमोडको सहयोगप्रति आभार प्रकट गरे ।

जलवायु नीतिलाई अझ समावेशी बनाउनुपर्नेमा सांसदहरूको जोडयस्तै, प्रतिनिधिसभाका सांसद माधव सापकोटाले जलवायु परिवर्तनको असर घटाउन क्षेत्रीय सहकार्यको आवश्यकतामा जोड दिएका छन् । हिन्दुकुश हिमालय संसदीय सम्मेलनमा उनले क्षेत्रीय स्तरमा सहकार्य भएमा मात्र जलवायुका चुनौती सामना गर्न सकिने बताए ।

'पछिल्लो समय जलवायु तथा वातावरणको मुद्दामा राजनीतिक दल देखि सांसदहरूको चासो बढ्दै गएको छ, प्राथमिकताका साथ यी मुद्दाहरूमा बहस सुरु हुनु राम्रो हो,' उनले भने, 'पूर्वाधार विकास वातावरणमैत्री बनाएमा दिगो हुन्छ भन्ने आवाज हामी उठाइरहेका छौं । जलवायुका नीति कार्यान्वयनका लागि सरकारलाई घच्घच्याइरहेका छौं ।'

यसैगरी, सांसदद्वय योगेश गौचन थकाली र सविता गौतमले जलवायु नीतिलाई अझ समावेशी बनाउनुपर्नेमा जोड दिए । सांसद गौचनले जलवायु परिवर्तनको प्रत्यक्ष असर झेलिरहेका आदिवासी समुदाय, स्थानीय सक्षमकर्ताहरू र युवाको आवाज नीतिगत दस्तावेजमा समेटिनु जरुरी रहेको बताए । उनले भने, 'मुस्ताङजस्तो हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण विस्थापन, जीविकोपार्जनको क्षति र जलवायु-शरणार्थी बन्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । यदि हामीले युवाहरू र आदिवासी समुदायको अनुभवलाई जलवायु नीतिमा समावेश गर्न सकेनौं भने अनुकूलनका कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सक्दैन ।'

अर्का सांसद सविता गौतमले हिन्दुकुश पर्वतीय क्षेत्रमा बस्ने सबै समुदायलाई सुदृढ र दिगो विकासको मार्गमा अघि बढाउन सांसदहरूको भूमिका महत्वपूर्ण हुने बताइन्। 'हाम्रो लक्ष्य भनेको जलवायु संकट सामना गरिरहेका निर्दोष समुदायलाई यस्ता संकटबाट बचाउन पहल गर्नु हो ।'

**सम्मेलन सफल भएको निष्कर्ष**

यसैगरी, संघीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुशुमदेवी थापाले जलवायुका विषयमा सांसदहरूको भूमिका प्रभावकारी बनाउन आवश्यक ज्ञान, अनुभव र असल अभ्यासको आदानप्रदानका माध्यमबाट यो हिन्दुकुश हिमालय संसदीय सम्मेलन सफल भएको दाबी गरेकी छिन् । समापन सत्रलाई सम्बोधन गर्दै सभापति थापाले जलवायु परिवर्तन, जैविक विविधता संरक्षण र वायु प्रदूषण नियन्त्रणका सांसदको भूमिका प्रभावकारी बनाउन तथा असल अभ्यासको आदानप्रदानका लागि सम्मेलन उपलब्धी मूलक भएको बताइन्।

उनले भनिन्, 'यो दुई दिने उच्चस्तरीय कार्यक्रममा हिन्दुकुश क्षेत्रका सांसदले जलवायु संकटसँग जुध्न कानुन निर्माणको भूमिका र जलवायु कूटनीतिको क्षमतामा नयाँ आयाम थपेका छन् ।' उनले राष्ट्रपति रामचन्द्र पौडेल र सभामुख देवराज घिमिरेप्रति आभार व्यक्त गरे । साथै विभिन्न सत्रका प्रस्तुतकर्ता, मन्त्री, राष्ट्रियसभाका उपाध्यक्ष, समितिका सभापति, सांसद, विज्ञ तथा सहभागी सबैलाई धन्यवाद दिए ।

सभापति थापाले कार्यक्रमको तयारीदेखि नै सहयोग प्रदान गर्ने परराष्ट्र मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलगायतका निकाय र प्राविधिक सहयोगका लागि इसिमोडप्रति विशेष धन्यवाद व्यक्त गरिन् । उनले यो भेटघाट र छलफलले जलवायु कूटनीति, जैविक विविधता संरक्षण तथा वायु प्रदूषण नियन्त्रणमा हिन्दुकुश क्षेत्रका सांसदहरूबीचको सहकार्यलाई नयाँ उचाइमा पुर्‍याएको उल्लेख गर्दै भविष्यका संस्करणमा थप छलफल र सहकार्यको निरन्तरता रहने विश्वास व्यक्त गरिन् । हिन्दुकुश हिमालय क्षेत्रमा अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान पर्छन् ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा